# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं.०७८/०७९ भुमि ब्यबस्थापन शाखा
च.नं. ७६८

मिति २०७९/०५/०८

श्री वडा कार्यालयहरु सबै
भरतपुर महानगरपालिका

बिषय : जग्गाको बर्गिकरण सिफारिस सम्बन्धमा ।

प्रस्तुत बिषयमा नेपाल सरकारद्वारा जारी भू-उपयोग नीति २०७२ को उदेश्य कार्यान्यन सम्बन्धमा बनेको भू-उपयोग ऐन २०७६ र भू-उपयोग नियमावली २०७९ बमोजिम भुमिको बर्गिकरण, भू-उपयोग योजना तर्जुमा र कार्यान्यन गर्ने अधिकार स्थानीय तहलाई तोकिएको छ ।हाल वडा समिति बाट जग्गाको बर्गिकरण गरि महानगरपालिकाको स्थानीय भू-उपयोग परिषदमा सिफारिस गर्दा सम्पूर्ण जग्गाहरु आवासीय क्षेत्र भनी सिफारिस भइ आइरहेको हुँदा सो सम्बन्धमा भू-उपयोग नियमावली २०७९ को नियम ८ मा भू-उपयोग क्षेत्र बर्गिकरण गर्ने आधार, मापदण्ड तथा भू-उपयोग क्षेत्रको न्युनतम क्षेत्रफल अनुसूची-१ मा उल्लेख भएबमोजिम हुनेछ भनी उल्लेख भएको तथा सोहि नियमावलीको अनुसूची-१ को बुदा क(९) मा बसोवास , ब्यबसायीक क्षेत्र वा अन्य उपयोग भएको क्षेत्रसंग जोडिएको भए तापनि कित्ताको क्षेत्रफल पाँच हजार बर्ग मिटरभन्दा बढी भइ खेति गरिएको वा खनजोत गरिएको वा पर्ती बाँझो जग्गा कृषि क्षेत्र पर्ने भनी उल्लेख भएकोले नियमावली अनुसार कृषि क्षेत्रमा पर्ने जग्गाहरु कृषि क्षेत्र अन्तर्गत र सो बाहेकका अन्य जग्गाहरु गैर कृषि क्षेत्र अन्तर्गत सिफारिस गरिदिनुहुन अनुरोध छ ।

२०७९/०५/०८

..........................
लक्ष्मी प्रसाद भण्डारी
(सि.डि.ई.)
सिनियर डिभिजन इन्जिनियर

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)